CHILIME HYDROPOWER COMPANY LIMITED

Maharajgung, Kapanmarga, Kathmandu

Unaudited Financial Position as on 32nd Ashad 2082 (July 16, 2025

(Rs.'000')

Particulars	2082.03.32 (16.07.2025)	2081.12.31 (13.04.2025)	2081.03.31 (16.07.2024)
Assets			
Non-current assets			
Property, plant and equipment	2,183,671.71	1,603,194.79	1,653,318.22
Capital Work-In-Progress (Building)	-	536,600.09	529,631.72
Investment Work-In- Progress (New Project)	268,505.07	257,967.66	255,731.66
Financial Assets			
Investment in subsidiary	4,351,462.30	4,366,462.30	4,351,462.30
Investment in associates	2,220,000.00	2,220,000.00	2,220,000.00
Total non-current assets	**9,023,639.08**	**8,984,224.84**	**9,010,143.90**
Inventory	90,040.93	93,792.35	95,856.92
Advances and Deposit	460,166.90	462,857.08	103,560.81
Financial Assets			
Investment in Term Deposits	1,968,754.87	1,936,932.84	1,436,776.39
Other current assets	106,492.79	88,241.77	602,233.84
Cash and cash equivalent	215,272.79	190,948.41	140,765.33
Current Tax Assets (Net)	-	7,347.47	7,347.47
Total current assets	**2,840,728.28**	**2,780,119.92**	**2,386,540.77**
Total assets	**11,864,367.36**	**11,764,344.76**	**11,396,684.67**
Equity and liabilities			
Equity			
Paid up share capital	8,782,396.92	8,782,396.92	7,983,997.20
Retained earnings	2,686,223.38	2,512,765.00	2,964,703.28
Total Equity	**11,468,620.30**	**11,295,161.92**	**10,948,700.49**
Defined Benefit Plans	167,759.51	168,504.63	170,540.62
Deferred tax Liabilities	106,163.94	106,163.94	106,163.94
Total Non-current liabilities	**273,923.46**	**274,668.57**	**276,704.56**
Current liabilities			
Provisions	37,998.20	13,123.77	18,971.14
Corporate Social Responsibility Fund	18,772.68	17,038.31	19,469.35
Financial Liabilities			
Trade and Other Payables	59,912.85	150,661.49	132,839.13
Current Tax Liabilities (Net)	5,139.87	13,690.70	0.00
Total Current Liabilities	**121,823.61**	**194,514.27**	**171,279.62**
Total Equity and Liabilities	**11,864,367.36**	**11,764,344.76**	**11,396,684.67**

Unaudited Profit & Loss Accounts from 1st Shrwan 2081 to 32nd Asadh 2082 (16th July 2024 to 16th July 2025)

(Rs.'000')

Particulars	FY 2081/082 (Up to Asadh) (2024/025)	FY 2081/082 (Up to Chaitra) (2024/025)	FY 2080/081 (Up Asadh) (2023/024)
Revenue	1,124,979.34	824,905.76	1,115,918.96
Direct Expenses	(131,780.00)	(83,953.15)	(135,768.27)
Royalty Expenses	(134,653.57)	(104,590.57)	(133,832.30)
Gross Profit	**858,545.77**	**636,362.04**	**846,318.38**
Employee benefit expense	(31,852.02)	(28,027.54)	(64,866.08)
Administrative Expenses	(28,987.54)	(15,385.72)	(22,913.98)
Depreciation and amortization	(87,694.86)	(55,282.58)	(73,277.48)
Profit from Operation	**710,011.35**	**537,666.20**	**685,260.85**
Finance Income	134,023.26	90,004.15	160,897.15
Other Income	34,365.34	28,519.53	6,211.08
Profit/(Loss) Before Tax and Bonus	**878,399.95**	**656,189.88**	**852,369.07**
Employee Bonus	(17,568.00)	(13,123.80)	(17,047.38)
Profit/(Loss) Before Tax	**860,831.95**	**643,066.08**	**835,321.69**
Current tax	(174,367.55)	(130,039.16)	(157,804.38)
Differed Tax Income			7,882.68
Profit after Tax	**686,464.40**	**513,026.92**	**685,399.99**
Corporate Social Responsibility Expenses	(6,864.64)	(5,130.27)	(6,854.00)
Net Profit for the year	**679,599.76**	**507,896.65**	**678,545.99**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (१) अनुसूची-१४ अनुसार कम्पनीको आ.व. २०८१/०८२ को चौथो (अन्तिम) त्रैमासिक प्रतिवेदन

१. वित्तिय विवरण :

(क) तेस्रो त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा/(नोक्सान) सम्बन्धी विवरणहरु यसै साथ सम्लग्न गरिएको छ ।

(ख) प्रमुख वित्तिय सूचकहरू :

विवरण	आ.व. २०८१/०८२ अन्तिम त्रैमासिक (आषाढ मसान्तसम्म)	आ.व. २०८०/०८१ अन्तिम त्रैमासिक (आषाढ मसान्तसम्म)	कैफियत
प्रतिशेयर आम्दानी	७७४	८.१०	वार्षिकीकरण
P/E Ratio	६०.७०	५७.४३	गरिएको
प्रतिशेयर नेटवर्थ	१३०.५९	१३५.१९	
प्रतिसेयर कुल सम्पत्तिको मूल्य	१३५.०९	१४२.०९	
तरलता अनुपात	२३.३२	१३.९९	

२. व्यवस्थापकीय विश्लेषण :

(क) समिक्षा आव. को असार २४ गते भोटेकोशी नदीमा भिषण वाढी आउँदा प्लान्टको टेलरेसबाट पानी मित्र छिरी सञ्चालन मै रहेको प्लान्ट वन्द हुन गएको जसले गर्दा विद्युत उत्पादन प्रकृयानै अवरुद्ध मै विद्युत आपूर्ति नै बन्द हुन गएकोले विद्युत विकी आम्दानी पनि सोही अनुसार न्युन हुन गएको छ । त्यस्तै गरी नदीमा पानीको वहावमा कमी आएका कारण कुनै कुनै महिनामा सम्पुर्ण कन्द्रयाक्ट ईनर्जि समेत आपुर्ति हुन नसक्दा विद्युत आम्दानीमा ह्रास आएको छ । यी घटनाहरु नभएको भए कम्पनीले अझै बढि विद्युत शक्ति विक्री गरी आयमा सुधार ल्याउन सक्ने थियो तथापि नेपाल विद्युत प्राधिकरणले कन्द्रयाक्ट ईनर्जिको भन्दा बढि हुने गरी अतिरिक्त विद्युत उर्जा खरिद गरिदिएको कारण आ.व. २०८०/०८१ को अनुपातमा यस आ.व. २०८१/०८२ को असार मसान्तसम्मको विद्युत विक्री रु ९० लाख ६० हजार अर्थात ०८१ % ले वृद्धि हुन गएको छ ।

समिक्षा अवधिमा मुद्दती डिपोजिटमा ब्याज दर क्रमशः घटदै गएकोले ब्याज आम्दानीतर्फ रु २ करोड ६८ लाख ७३ हजार अर्थात ९६.७० % ले आय न्युन हुन गएको छ । हालको नगद मौज्दातलाई लाभांश दिन, नयाँ आयोजनाको पहिचान एवं विकास गर्न, चिलिमे कर्पोरेट टावर निर्माण गर्न तथा कार्यालय सञ्चालनार्थ लगायतका कामहरुका लागि उपयोग गर्दै लगिने छ । मिति २०८१ साल पुस २८ गतेको २८ औं वार्षिक साधारण सभाले पारित गरे बमोजिमको २% नगद लाभांश शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि. मार्फत शेयरधनीको खातामा पठाइ सकिएको छ ।

(ख) चिलिमे कर्पोरेट टावरको निर्माण खर्च चालू पूँजीगत खातामा लेखांकन गर्दै आइएकोमा समिक्षा अवधिको असार १ गतेदेखि उक्त भवन प्रयोगमा आइसकेकोले असार १ गतेदेखि लागू हुने Property, Plant and Equipment अन्तर्गत कर्पोरेट भवन शिर्षकमा पूँजीकरण गरिएको कारण स्थिर सम्पत्तिमा वृद्धि हुन गएको हो । उक्त टावरका निर्माण व्यवसायीसंग केही रकममा विवाद भएका कारण भुक्तानी भएको छैन साथै यकिन पनि नभएकोले गर्दा पछि ठहरे बमोजिम हुने गरी हाललाई जे जति रकम चालू पूँजीगत खातामा लेखांकन भएको छ त्यती मात्रलाई पूँजीकरण गरिएको छ ।

(ग) गत आ.व. को लेखापरीक्षण भएका वित्तिय विवरण मध्येको वासलातमा देखाइएको Other current assets मा सान्जेन जलविद्युत कम्पनी लि. र रसुगागढी हाइड्रोपावर कम्पनी लि. लाई उपलब्ध गराइएको अल्पकालिन सापटि रकम समेत समावेश थियो तर समिक्षा अवधिको वासलातमा उक्त रकमलाई Investment in Term Deposits अन्तर्गत देखाइएको छ ।

(घ) Actuarial Valuation को कार्य पेकुयामा रहेको हुँदा यस शिर्षकमा गत आ.व. मा र यस आ.व. देखाइएको रकम समान रहेको छ ।

(ङ) कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पर्ने खालको घटना र अवस्था देखिएको छैन । तर मानवीय नियन्त्रण भन्दा वाहिरको दैवि प्रकोप (कावु वाहिर) को असर भने सदा रहिरहने ।

(च) यस कम्पनीको शतप्रतिशत लगानीमा सहायक कम्पनीको रुपमा स्थापना भै सञ्चालनमा रहेको चिलिमे ईन्जिनियरिङ एण्ड सर्भिसेस कं. लि. बाट रु ३ करोड नगद लाभांश वापत प्राप्त भएको रकमलाई अन्य आम्दानिमा लेखांकन गरिएको छ ।

(छ) आ.व. २०७६/०७७ को कर लेखापरीक्षण गरी कम्पनीले पेश गरेको आय विवरणमा विगत वर्षहरुको एकमुष्ट अग्रिम कर पनि दावि गरिएकोमा ढूला करदाता कार्यालयबाट कर लेखापरीक्षण हुँदा उक्त दावी अमान्य गरिदिएको र कर तिर्न भनि सूचना गरेकोमा उक्त निर्णय उपर चित्त नबुझि तिर्नु पर्ने सम्पूर्ण रकम पेश्कीको रुपमा तिरि कम्पनी प्रशासकिय पुनरावलोकनमा गएको हुँदा उक्त पेश्की रकम Advances and Deposit शिर्षकमा लेखांकन गरिएकोले विगत वर्षको तुलनामा यस आ.व. मा उक्त शिर्षकमा उच्च हुन गएको छ ।

(ज) मिति २०८१ साल पुस २८ गतेको २८ औं वार्षिक साधारण सभाले पारित गरे बमोजिमको २% नगद लाभांशको रकम अघिल्लो त्रैमासमा व्यवस्थाहरुमा देखाइएकोमा यस त्रैमासमस्म आइपुग्दा अधिकांश शेयरधनिलाई भुक्तानी भै सकेको हुँदा अघिल्लो त्रैमासको तुलनामा न्युन हुन गएको छ ।

३. कानुनी कारवाही सम्बन्धी विवरण :

यस कम्पनीले आ.व. २०७७/०७८ को आय विवरण ढूला करदाता कार्यालयमा पेश गरिएकोमा तहाँबाट संशोधित कर निर्धारण हुँदा उक्त समयमा तानिएको Tax Credit लाई ढूला करदाता कार्यालयले अमान्य गरि झण्डै रु ५ करोड थप कर तिर्नु पर्ने भनी पत्र प्राप्त भएको छ ।

४. संगठित संस्थाको सेयर कारोवार सम्बन्धी विश्लेषण :

(क) सेयरको वजार मूल्यमा असाधरण तरिकाले थप/घट हुने गरी कम्पनी व्यवस्थापनबाट कुनै कार्यहरु भएका छैनन् । संस्थाले अपेक्षित नाफा आर्जन गर्न सफल भएको र आगामी दिनमा अझ बढी सफलता हासिल गर्ने कुरामा व्यवस्थापन पक्ष विश्वस्त रही सम्वन्धित लगानीकर्ताहरुलाई पनि विश्वस्त गराउन चाहन्छ ।

(ख) मिति २०८१/०९/२८ गतेको २८औं वर्षिक साधारण सभाले पारित गरे बमोजिम साधारण शेयर दाखिला खारेज वन्द भएको मितिमा सेयरधनी दर्ता कितावमा नाम दर्ता रहेका सेयरधनीहरुले पाउने गरी कम्पनीको चुक्ता पुँजीको २ प्रतिशत नगद लाभांश तथा मुनाफा रकमबाट चुक्ता पुँजीको १० प्रतिशत वोनश सेयर वितरण गर्न प्रस्ताव पारित भए अनुसार सेयरधनीलाई घोषित प्रतिफल वितरण गर्ने कार्य जारी छ । वोनश सेयरलाई पुँजिकरण गरी वासलातमा देखाइएको छ । वोनश सेयर डिम्याट गराउन नसकेका सेयरधनीहरुको हकमा सेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि. मार्फत अभौतिकीकरण गराउन उच्चतम प्रयास गैरहेको छ । हालसम्म पनि आफ्नो शेयर अभौतिकीकरण गराउन छुटेका शेयरधनीलाई यथाशिघ्र अभौतिकीकरण गराउन यसै प्रतिवेदन मार्फत अनुरोध पनि गरिन्छ ।

(ग) त्रैमासिक अवधिको सेयर कारोवार सम्बन्धी विवरण :

सेयरको अधिकतम् मूल्य (रू.)	सेयरको न्यूनतम् मूल्य (रू.)	सेयरको अन्तिम मूल्य (रू.)	कारोवार भएको कुल दिन	कारोवार संख्या
५९९.६०	४६९.७०	५३३.४५	६३	४१२८५

५. समस्या र चुनौती :

यस कम्पनीको अनुवाइमा गठन भएका जलविद्युत कम्पनीहरु मार्फत अगाडि बढाइएका चार वटा जलविद्युत आयोजनाहरु: सान्जेन (माथिल्लो) जलविद्युत आयोजना (१४८ मे.वा.), सान्जेन जलविद्युत आयोजना (४२५ मे.वा.), रसुवागढी जलविद्युत आयोजना (१११ मेवा) सम्पन्न भै नेपाल विद्युत प्राधिकरणलाई आपूर्ति हुन शुरु भै सकेको छ । त्यस्तै गरी मध्य भोटेकोशी जलविद्युत आयोजनाको हकमा एकदुइ दिनमा नै उत्पादन शुरु हुने भएको छ ।

यस कम्पनीले संभाव्यता अध्ययनका लागि अनुमति प्राप्त गरेका सेतिनदी-३ अर्धजलासययुक्त जलविद्युत आयोजना (८७ मेगावाट), बूढीगण्डकी प्रोक जलविद्युत आयोजना (८१ मेवा), बूढीगण्डकी जलविद्युत आयोजना (९१ मेवा) र चुमचेत स्यारखोला जलविद्युत आयोजना (४५ मेगावाट) आयोजनाहरु निर्माण कार्य शुरु हुने चरणमा रहेका छन् । बूढीगण्डकी प्रोक जलविद्युत आयोजना (८१ मेवा), स्यारखोला जलविद्युत आयोजना (४५ मेगावाट) तथा सेतिनदी-३ जलविद्युत आयोजनाको निर्माणको अनुमति पत्र प्राप्त भै सकेको छ

यी आयोजनाहरु मध्ये बूढीगण्डकी जलविद्युत आयोजना (९१ मेवा) का लागि संम्भाव्यता अध्ययन गर्नका लागि आयोजना स्थलमा नै उपस्थित भै महत्वपूर्ण जानकारी लिनु पर्ने भएको र सो का लागि नेपाल सरकारको सम्बन्धित विभागमा अनुरोध समेत गरिएकोमा झण्डै अढाइ वर्षसम्म अनुमति नआउँदा अध्ययनका कामहरु अवरुद्ध भएका थिए । हालभने अनुमति पत्र प्राप्त भै सकेको छ र कामहरु पनि अगाडि बढाइएको छ ।

- सेतिनदी-३ अर्धजलासययुक्त जलविद्युत आयोजना (८७ मेगावाट) का लागि वित्तिय व्यवस्थापन गर्नका लागि विभिन्न वित्तिय संस्थाहरुसंग छलफल भै रहेको छ । नेपाल हाइड्रोइलेक्ट्रिसिटिबाट Financial Closer का लागि ईच्छुक भएको र अन्य संस्थाहरुसंगको समन्वयमा उल्लेखित कार्य सम्पन्न गर्ने प्रयास भै रहेको व्यहोरा प्राप्त भएको छ । यो आयोजनास्थलसम्म पुग्ने पहुच सडक पहिलेनै भएकोले वित्तिय व्यवस्थापन हुना साथ कामहरु अगाडि बढाउन सकिने अवस्था देखिन्छ । विद्युत खरिद विक्री सम्झौताका लागि नेपाल विद्युत प्राधिकरणमा निवेदन दिइसकिएको छ । निकट भविष्यमा पिपिए हुने अपेक्षा गरिएको छ । पिपिए भए पश्चात् वित्तिय व्यवस्थापन सँगै अन्य आयोजना निर्माणका कामले गति लिने देखिन्छ ।
- बूढीगण्डकी प्रोक जलविद्युत आयोजना (८१ मेवा) र चुमचेत स्यारखोला जलविद्युत आयोजना (४५ मेगावाट) निर्माण गर्नका लागि आवश्यक पर्ने पहुच सडक तयारी अवस्थामा नभएको हुँदा तत्काल निर्माणका कामहरु प्रारम्भ गर्न सकिने अवस्था देखिदैन । नेपाली सेनाको नेतृत्वमा सडक खन्ने कार्य जारी रहेको छ । सडक पुग्ना साथ निर्माणका काम प्रारम्भ गरिने छ ।

६. संस्थागत सुशासन :

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली र कर्मचारी व्यवस्थापनको लागि कर्मचारी सेवा शर्त विनियमावली लगायतका नियम/विनियमावलीहरु सञ्चालक समितिबाट स्वीकृत गराई लागू गरिएको छ । कम्पनी ऐन, २०६३ को प्रावधान बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ । त्यस्तै गरी पदपूर्ति समिति, खरिद मूल्याङ्कन उप-समिति तथा आवश्यकता अनुसार अन्य उप-समितिहरुको गठन गर्न गरिएको छ । कम्पनी ऐन, २०६३, कम्पनीको नियमावली तथा नियमनकारी निकायका मापदण्ड अनुसारका कार्यहरु गर्नका लागि आन्तरिक लेखापरीक्षणको व्यवस्था गरिएको छ । संस्थागत विकास एवं सुदृढिकरण अन्तरगत विभिन्न किसिमका अध्ययन, तालिम, तथा गोष्ठीहरु जस्ता विषयलाई पनि प्रथामिकता दिने गरिएको छ ।

७. प्रमुख कार्यकारी अधिकृतको उद्घोषणा:

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्वन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु । साथै म यो उद्घोष गर्दछुकी मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्णताका आधारित छन् भनी विश्वास लिएको छु । लगानी कर्ताहरुलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरु लुकाइएको छैन भन्ने कुरामा पनि म विश्वस्त छु । थप जानकारी आवश्यकता महशुस गरी कम्पनीमा सम्पर्क राख्न आउने लगानीकर्ताहरुको प्रयासलाई सधै स्वागतयोग्य कदम ठान्ने छु ।